# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जंगी अड्डा

## प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरूको लागि दरखास्त आव्हान

## (प्रथम पटक प्रकाशित मिति २०८०/०३/२९ गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरू खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । देहायका योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी उम्मेदवार स्वयम्ले सो को हार्डकपी प्रिन्ट-आउट गरी भर्ना केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भर्ने र दरखास्त फाराममा रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. आवश्यक संख्याः

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०७९/८०/९२ | प्रा.सु. (सैनिक उपचारिका) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | २ | २४ | ४ | ६ | ५ | ३ | १ | ४५ |
| २ | ०७९/८०/९३ | प्रा.जम. (ए.एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार | - | - | ३ | - | १ | १ | - | - | ५ |
| ३ | ०७९/८०/९४ | प्रा.जम. (एभियोनिक्स) ईलेक्ट्रिकल/ ईलेक्ट्रोनिक्स/एभियोनिक्स | सैनिक हवाई | हवाई सम्भार | - | - | १ | - | १ | - | - | - | २ |
| ४ | ०७९/८०/९५ | प्रा.जम. (ग्राउण्ड ह्याण्डिलिङ्ग) | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | - | १ | - | - | - | - | - | १ |
| ५ | ०७९/८०/९६ | प्रा.जम. (एभिएसन स्टोर) | सैनिक हवाई | अन्य हवाई | एभियसन बन्दोबस्ती तथा प्राप्ति | - | १ | - | - | - | - | - | १ |
| ६ | ०७९/८०/९७ | प्रा.जम. (डिस्प्याचर) | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | - | - | - | १ | - | - | - | १ |
| ७ | ०७९/८०/९८ | लेखा जम. | सैनिक विविध | लेखा | - | १ | ११ | १ | ३ | ३ | २ | - | २१ |
| ८ | ०७९/८०/९९ | पण्डित हुद्दा | सैनिक विविध | पण्डित | - | - | १ | - | - | - | - | - | १ |
| ९ | ०७९/८०/१०० | प्रा.अम. (मेडिकल) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | ४ | ३९ | ६ | १० | १० | ४ | २ | ७५ |
| १० | ०७९/८०/१०१ | प्रा.अम. (मेकानिकल) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | उत्पादन | - | ५ | १ | २ | १ | १ | - | १० |
| ११ | ०७९/८०/१०२ | प्रा.अम. (रेडियो मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | २ | ९ | १ | ३ | २ | १ | - | १८ |

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १२ | ०७९/८०/१०३ | प्रा.अम. (भेहिकल मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | - | ६ | १ | २ | १ | १ | - | ११ |
| १३ | ०७९/८०/१०४ | प्रा.अम. (जनरल मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १ | ४ | - | १ | १ | - | - | ७ |
| १४ | ०७९/८०/१०५ | प्रा.अम.जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | - | १ | - | - | - | - | - | १ |
| १५ | ०७९/८०/१०६ | प्रा.अम.जनरल मेकानिक्स (जेनेरेटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १ | २ | - | - | - | - | - | ३ |
| १६ | ०७९/८०/१०७ | प्रा.अम. (कम्प्युटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सूचना प्रविधि | - | २ | - | १ | १ | - | - | ४ |
| १७ | ०७९/८०/१०८ | प्रा.अम. (सर्भे) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सर्भे | - | १ | १ | - | - | १ | - | ३ |
| १८ | ०७९/८०/१०९ | प्रा.अम.दृष्य सामग्री, तस्विर र संग्रह (फोटो ग्राफर) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १९ | ०७९/८०/११० | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एवं विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | १ | १ | - | - | ३ |
| २० | ०७९/८०/१११ | प्रा.अम. (छापाखाना) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | - | - | १ | - | - | - | १ |
| २१ | ०७९/८०/११२ | प्रा.अम.(व्याण्ड) | सैनिक प्राविधिक | अन्य प्राविधिक | सैनिक व्याण्ड | १ | ९ | १ | ३ | २ | १ | - | १७ |
| २२ | ०७९/८०/११३ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार | - | - | १ | - | १ | - | - | - | २ |
| २३ | ०७९/८०/११४ | प्रा.अम.(एभियोनिक्स) ईलेक्ट्रिकल/ ईलेक्ट्रोनिक/एभियोनिक्स | सैनिक हवाई | हवाई सम्भार | - | १ | - | - | - | - | - | - | १ |
| २४ | ०७९/८०/११५ | अमल्दार कर्मचारी | सैनिक विविध | कर्मचारी | - | २ | २७ | ५ | ६ | ७ | ३ | १ | ५१ |

३. **दरखास्त पेश गर्ने मिति र स्थान:**

(क) **दरखास्त मिति:** मिति २०८०/०३/२९ गतेदेखि मिति २०८०/०४/२७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८०/०४/२८ गतेदेखि मिति २०८०/०५/०२ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सो भन्दा पछाडि कार्यालय खुल्ने दिनमा दरखास्त पेश गर्न सकिनेछ ।

(ग) **स्थान:** नेपाली सेनाको केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू ।

४. **दरखास्त दस्तुरः** दरखास्त फाराम बुझाउंदा उम्मेदवारहरूले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ ।

(क) प्रा.सु.- रू.४००।-

(ख) प्रा.जम. र लेखा जम.- रू.३००।-

(ग) पण्डित हुद्दा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी रू.२००।–

५. **आवश्यक योग्यताः**

(क) **शैक्षिक योग्यताः**

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|
| १ | ०७९/८०/९२ | प्रा.सु. (सैनिक उपचारिका) | नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २ | ०७९/८०/९३ | प्रा.जम. (ए.एण्ड सी.) मेकानिकल | मेकानिकल विषयमा प्रवीणता पमाणपत्र तह (ईन्टरमिडियट अफ ईन्जिनियरिङ्ग) उत्तीर्ण गरेको । | |
| ३ | ०७९/८०/९४ | प्रा.जम. (एभियोनिक्स) ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक्स/एभियोनिक्स | ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक्स सम्बन्धी कुनै एक विषयमा प्रवीणता पमाणपत्र तह (ईन्टरमिडियट अफ ईन्जिनियरिङ्ग) उत्तीर्ण गरेको । | |
| ४ | ०७९/८०/९५ | प्रा.जम. (ग्राउण्ड ह्याण्डिलिङ्ग) | (क) अटोमोवाईल वा ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा इण्टिरमिडियट अफ ईन्जिनियरिङ्ग (आई.ई) वा सो सरह उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ५ | ०७९/८०/९६ | प्रा.जम. (एभिएसन स्टोर) | (क) व्यवस्थापन विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ६ | ०७९/८०/९७ | प्रा.जम. (डिस्प्याचर) | (क) दश जोड दुई वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ) हासिल गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ७ | ०७९/८०/९८ | लेखा जम. | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउण्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको । | |
| ८ | ०७९/८०/९९ | पण्डित हुद्धा | पूर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| ९ | ०७९/८०/१०० | प्रा.अम. (मेडिकल) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सि.एम.ए. तालिम वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा मेडिकल सम्बन्धी सो सरह मान्यता प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भएको । | |
| १० | ०७९/८०/१०१ | प्रा.अम. (मेकानिकल) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाले तोकेको तालिम वा विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको । | |
| ११ | ०७९/८०/१०२ | प्रा.अम. (रेडियो मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी इलेक्ट्रोनिक्स ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |

| क.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|
| १२ | ०७९/८०/१०३ | प्रा.अम. (भेहिकल मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी अटोमोवाइल (भेहिकल) ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १३ | ०७९/८०/१०४ | प्रा.अम. (जनरल मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १४ | ०७९/८०/१०५ | प्रा.अम.जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १५ | ०७९/८०/१०६ | प्रा.अम.जनरल मेकानिक्स (जेनेरेटर) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेडसम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १६ | ०७९/८०/१०७ | प्रा.अम. (कम्प्युटर) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरी डेस्कटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटाबेस सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको विशेष तालिम उत्तीर्ण गरेको । | |
| १७ | ०७९/८०/१०८ | प्रा.अम. (सर्भे) | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी अमिन तालिम उत्तीर्ण गरेको । | |
| १८ | ०७९/८०/१०९ | प्रा.अम.दृष्य सामग्री, तस्विर र संग्रह (फोटो ग्राफर) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| १९ | ०७९/८०/११० | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एवं विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी आधारभूत पत्रकारिता तालिम र ग्राफिक्स डिजाइन सम्बन्धी आधारभूत तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको । | |
| २० | ०७९/८०/१११ | प्रा.अम. (छापाखाना) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा तीन महिनाको तालिम वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मुद्रण प्रविधि सम्बन्धी तह एकको सीप परीक्षा उत्तीर्ण वा सम्बन्धित विषयमा एक वर्षको कार्य अनुभव भएको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| २१ | ०७९/८०/११२ | प्रा.अम.(व्याण्ड) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अर्केष्ट्रा समूह (गिटार, कि बोर्ड, भायोलिन, चेलो, ट्रम्पेट, स्याक्सोफोन, पाइपर, गायन) मध्ये कुनै एक वाद्यवादन वा गायन सम्बन्धी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको वेशिक तालिम उत्तीर्ण गरेको । | |
| २२ | ०७९/८०/११३ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| २३ | ०७९/८०/११४ | प्रा.अम.(एभियोनिक्स) ईलेक्ट्रिकल/ ईलेक्ट्रोनिक/एभियोनिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| २४ | ०७९/८०/११५ | अमलदार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |

(ख) शारीरिक योग्यता:

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरू | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| | | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका बहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |
| | | BMI | न्यूनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने । | | |

(ग) अन्य योग्यता: उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४", "सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४" र "भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद:** उम्मेदवारहरूको दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०४/२७ गतेसम्म १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार:**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार हुनेछ र बढीमा ३ पटक आवेदन दिन सक्नेछ । सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०४/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पुरा भएको हुनु पर्नेछ ।

८. **पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू:** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-2-CGPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र कुनैपनि बिषयमा D+ भन्दा कम हुन नहुने । लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछः**

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने ।

(२) निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(३) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफः** उम्मेदवारहरूले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मिति र स्थानः** मिति २०८०/०५/१५ गतेको ११०० बजे, नेपाली सेनाको केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू ।

११. **छनौट प्रक्रियाः** उम्मेदवारहरूको निम्नानुसारको परीक्षाहरू संचालन हुनेछ । कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **<u>वियरिङ्ग परीक्षाः</u>** यस परीक्षामा उम्मेदवारहरूको उचाई, वजन, छाती (पुरुष उम्मेदवार), उचाई, वजन (महिला उम्मेदवार) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरू निम्नानुसार रहेकोः

(१) <u>बुँदा नं.१ः शरीरको अङ्गहरू सामान्य भएको</u>

(अ) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(आ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(इ) खुँडे हुन नहुने ।

(ई) ढाड कुप्रो हुन नहुने ।

(उ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(ऊ) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **बुँदा नं. २: शरीरमा अस्वभाविक दागहरू नभएको**

(अ) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याकी भएको हुन नहुने ।

(आ) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकीन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(इ) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(ई) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने।

(३) **बुँदा नं.३: हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने) ।

(आ) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(इ) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(ई) Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **बुँदा नं.४: घुंडाको अवस्था**

(अ) Knock Knee: सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(आ) Bow Leg: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **बुँदा नं.५: शरीरमा मुसा नभएको**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोट: (वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने)

(६) **बुँदा नं.६: दांत नझरेको**

(अ) दांत झरेको भएमा Fixed दांत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(आ) दांत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(इ) अगाडिको दांत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(ई) दांत किराले खाएको भए दांत भरेको हुन पर्ने ।

(उ) अगाडिको दांतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

(७) **बुँदा नं. ७ः दुवी भएको**

(अ) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोटः P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८ः कपाल नझरेको/कपाल नफुलेको**

(अ) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(आ) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९ः आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने**

(अ) डेढो आँखा भएको हुन नहुने ।

(आ) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आँखा र वायां हात चलाउनेको हकमा दांया आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) **बुँदा नं १०ः प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने**

(अ) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

नोटः उम्मेदवारहरूको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरूद्वारा उम्मेदवारहरूको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन समेत), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षाः**

(१) वियरिङ्ग परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको त्यस पछाडि शारीरिक परीक्षा संचालन हुनेछ ।

(२) **अङ्कभार नभएका पदहरू**

| क्र.सं. | पद | शारीरिक योग्यता | | कै |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | पण्डित हुद्दा | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नु पर्नेछ ।<br>(ङ) २ माईल दौड १७ मिनेटमा पुरा गर्नु पर्नेछ । | - | |

| क्र.सं. | पद | शारीरिक योग्यता | | कै |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| २ | प्राविधिक/हवाई सेवा तर्फका पदिक तथा बिल्लादार | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नु पर्नेछ ।<br>(ङ) १ माईल दौड ९ मिनेटमा पुरा गर्नु पर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नु पर्नेछ ।<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नु पर्नेछ । | |

(३) **अङ्कभार भएका पदहरु (लेखा जम. र अमल्दार कर्मचारी)**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै |
|---|---|---|---|---|---|
| पुरुष | सिटअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | पुसअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३-४ पटक | ५-६ पटक | ७ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १३ मिनेट ३१ सेकेण्ड देखि १५ मिनेट | १२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट ३० सेकेण्ड | १२ मिनेट भित्र | |
| महिला | सिटअप | ८-११ पटक | १२-१५ पटक | १६ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ६-९ पटक | १०-१३ पटक | १४ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ६१-६५ सेकेण्ड | ५६-६० सेकेण्ड | ५५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(घ) **लिखित परीक्षाः** लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ङ) **प्रयोगात्मक परीक्षाः** सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(च) **विस्तृत स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरूबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्योपचार सुविधा पाइरहेका उम्मेदवारहरू बाहेक अन्य उम्मेदवारहरूको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **अन्तर्वार्ताः** पदपूर्ति समितिका पदाधिकारीहरूबाट अन्तर्वार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरू:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउंदा उम्मेदवारहरूले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रूपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरू बाहेकका Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरूमा समावेश गराईनेछ ।

(च) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेश गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ ।

(१) अनलाईन दरखास्त फाराम भर्ने उम्मेदवारहरुले दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(२) उम्मेदवार स्वयं उपस्थित भई दरखास्त भर्नेको हकमा दरखास्त फारामको बुंदा नं.३ (न) "अन्य कुनै बिवरण भएमा" मा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(छ) उम्मेदवारहरूले पेश गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तरवार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरूले पेश गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी:**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN THE ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्यूनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरूमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकीन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम र प्रवेश पत्र **PDF Format** मा डाउनलोड गरी **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो, हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ । कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयं उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ अन्यथा म्याद थप गरिएको अवधिमा फाराम बुझाएमा दोव्बर दस्तुर लाग्नेछ । यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मात्र मान्यता दिईने छैन ।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्वन्धी जानकारी पाउन सकिन्छ ।

द्रष्टव्यः (क) **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४"** र **"सैनिक विविध सेवा नियमावली, २०७४"** को आधारमा पदपूर्ति गरिनेछ ।

(ख) यस विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सवै सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारका पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-४२४६९५० मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।